# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्यामपस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्या: ..............
च.नं.:................

मिति :- २०८१/०७/२५

**एलएल.बी. तह (२०७७/०७८ समुह) दोस्रो वर्षका विद्यार्थीहरुलाई अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) को लागि निर्धारित मुद्दा सम्बन्धी सूचना !**

त्रि.वि. कानून संकाय डीनको कार्यालयको च.नं. १२९/०८०/०८१, मिति २०८०/०९/२२ को परिपत्र अनुसार यस क्याम्पसमा सञ्चालित तीन वर्षे एलएल.बी. तह दोस्रो वर्षको अनिवार्य विषय अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) अन्तर्गत एलएल.बी. तह (२०७७/०७८ समूह) दोस्रो वर्षका विद्यार्थीहरुका लागि निर्धारित मुद्दा तपसिल बमोजिम हुने गरी यसै साथ संलग्न गरी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । अभ्यास अदालत (Moot Court, Pre-Trial Preparation and Participation in Trial) को मौखिक परीक्षाको मिति पछि प्रकाशित गरिनेछ । मौखिक परीक्षामा उपस्थित हुँदा आफूले तयार पारेको मिसिल साथै लिई आउनु पर्नेछ ।

**तपसिल**

| कक्षा रोल नम्बर | मुद्दा |
|---|---|
| १ देखि २०० सम्म | १. ने.का.प. २०४६ अङ्क २, नि.नं. ३७४३, मुद्दा: लेनदेन जालसाज, पू.वे वादी सबुरदेवी यादवनी समेत विरुद्ध प्रतिवादी केशरवती यादवनी ।<br>२. ने.का.प. २०७७ अङ्क ४ नि.नं. १०४७९, पृ. ७१६७, मुद्दा: उत्प्रेषण परमादेश, अधिवक्ता कान्तिराम ढुंगाना विरूद्ध नेपाल सरकार ।<br>३. खगेन्द्र नेपाली विरुद्ध नेपाल सरकार मुद्दा : विष सेवन गराई मृत्यु (कर्तव्य ज्यान) ०७३-CR-०९५२ मा.न्या.द्वय श्री अनिल कुमार सिन्हा र श्री हरिप्रसाद फुयाल, फैसला मिति २०७८/०३/२९ गते (सर्वोच्च अदालत वा महान्यायाधिवक्ताको कार्यालयको वेवसाइटबाट खोजी हेर्न सकिने छ ।) |
| २०१ देखि ४०० सम्म | ४. ने.का.प. २०७८ अङ्क ८ नि.नं. १०७१९, मुद्दा: निवेदक अधिवक्ता यज्ञमणि न्यौपाने समेत विरुद्ध त्रि.वि. कीर्तिपुर काठमाडौं समेत, मुद्दा : उत्प्रेषण ।<br>५. ने.का.प. २०७५ अङ्क ४, नि.नं. ९९९९, मुद्दा: सम्बन्ध विच्छेद, वादी पुरण शमशेर ज.ब.रा. विरुद्ध श्रीमती किरण राणा, फैसला मिति २०७५/०१/२८ ।<br>६. ने.का.प.२०७८, अङ्क १२, नि.नं. १०७८७, मुद्दा: कर्तव्य ज्यान, पूर्ण इजालस, पू.वे. प्रतिवादी दुर्गा बहादुर मगर विरुद्ध चन्दै कुमार आलेको जाहेरीले नेपाल सरकार । |
| ४०१ देखि माथिका सबै | ७. ने.का.प. २०७९ अङ्क ७, नि.नं. १०८९६, पृ. ११६५, मुद्दा: निवेदक रईन भन्न कुमार श्रेष्ठ विरुद्ध काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेल समेत मुद्दा: बन्दीप्रत्यक्षीकरण पूर्ण इजालस ।<br>८. ने.का.प. २०६५, अङ्क ६, नि.नं. ७९७३, मुद्दा: जीतकुमारी पंगेनी विरुद्ध नेपाल सरकार, मुद्दा: विशेष इजलास उत्प्रेषण Ultravirus करणी सम्बन्धी ।<br>९. ने.का.प. २७९ अङ्क ४, नि.नं. १०८५४, पृ. ३३९, मुद्दा पू.वे. प्रतिवादी राम शाही समेत विरुद्ध प्रेम कुमारी शाही समेत, मुद्दा अंशचलन । |

सहायक क्याम्पस प्रमुख

पत्र संख्याः ..............
च.नं.:................

**नोटः**

- एलएल.बी. तह २०७६ समूहका आंशिक तर्फका विद्यार्थीहरुको हकमा रोल नम्बर १ देखि २०० सम्मका विद्यार्थीहरुले क.सं. १, २ र ३, रोल नम्बर २०१ देखि ४०० सम्मका विद्यार्थीहरुले क.सं. ४, ५ र ६ र रोल नं. ४०१ देखि माथिका सबै विद्यार्थीहरुले क.सं. ७, ८ र ९ का मुद्दाहरुको मिसिल तयार गर्नु पर्ने छ।
- विद्यार्थीहरुले मस्यौदा सम्बन्धी ६० अङ्कको परीक्षमा माथि तोकिएका नौ वटा मुद्दाहरु मध्येबाट २०/२० अंकका दरले दुई वटा प्रश्नहरु र १०/१० अंकका दुईवटा प्रश्नहरु हल गर्नु पर्नेछ।
- मस्यौदा सम्बन्धी ६० अंकको अन्त्य परीक्षा (Final Exam) को उर्त्तिणाङ्क २१.५ हुनेछ भने क्याम्पसले आन्तरि रुपमा लिने ४० अंकको परीक्षाको उत्तिर्णङ्क १३.५ हुनेछ। क्याम्पसद्वारा लिइने आन्तरिक परीक्षा र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट लिइने अन्त्य परीक्षा (Final Exam) मा छुट्टाछुट्टै उर्त्तिण हुनु पर्नेछ।
- विद्यार्थीहरुले मस्यौदा तयार गर्दा आफ्नो हस्ताक्षरमा कालो मसी प्रयोग गरी नेपाली कागज समेतमा प्रचलित कानूनको रीत पुऱ्याई तयार गर्नु पर्नेछ।
- अन्तिम परीक्षा (Final Exam) मा माथि उल्लेखित सूचिकृत मुद्दाहरुका आधारमा प्रश्न सोधिनेछ। कुनै पनि परीक्षार्थीले नियमित परीक्षा उत्तिर्ण गर्न नसकी पुनः परीक्षा दिनु परेमा त्यस्ता आंशिक वा मौका परीक्षा दिने परीक्षार्थीहरुको हकमा समेत सम्बन्धित शैक्षिक सत्रका नियमित विद्यार्थीहरुलाई सोधिए सरह सूचिकृत नजिरबाटै प्रश्न सोधिने छ।
- सुचीकृत मुद्दाहरुको विषयमा मिसिलमा उल्लेखित कानूनी प्रावधान लाग्ने वा वर्तमान कानून लाग्ने भन्ने विद्यार्थीमा दुविधा देखिएको हुँदा कुनै पनि कानून संशोधन भएको तीन महिनापछि संधोधित र बहालवाला कानून नै लाग्ने मान्यता एवम् कानूनी अभ्यास अनुसार/मुद्दाका पात्र/विषयवस्तुहरु नजिरलाई नै मानी घटना र मितिको हकमा विद्यार्थी आफैले २०७५ भाद्र १ पछिको मिति कायम गरी *नेपालको संविधान, २०७२* र *मुलुकी देवानी संहिता, २०७४; मुलुकी देवानी कार्यविधि संहिता, २०७४; मुलुकी अपराध संहिता, २०७४; मुलुकी अपराध कार्यविधि संहिता, २०७४* का प्रावधान र हाल बहाल रहेको कानून र अदालतको संरचना ( जस्तै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत) अनुसार मिसिल तयार गर्न र अन्तिम परीक्षामा समेत सोही बमोजिम गर्नुपर्नेछ।
- हरेक विद्यार्थीले मिसिल तयार पार्दा आफ्नो रोल नम्बर अनुसारका प्रत्येक मुद्दाका लागि पाठ्यक्रममा तोकिए बमोजिम छुट्टा छुट्टै मिसिल तयार गर्नु पर्नेछ।
- अन्य कुराहरु पांठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ।

---------------------
तेजमान श्रेष्ठ
सहायक क्याम्पस प्रमुख

सहायक क्याम्पस प्रमुख